# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

प.सं. ०८२/०८३ राजश्व व्यवस्थापन
च.नं ३१

**भरतपुर महानगरपालिका भित्र संचालन भएका व्यवसाय दर्ता तथा नबिकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२।०४।०४

नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस महानगरपालिकाको व्यबसाय कर सम्बन्धी कार्यविधि, २०८० को दफा-३ को उपदफा (२) र (३) तथा महानगरको आर्थिक ऐन-२०८२ बमोजिम हालसम्म दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिनभित्र देहायका बिबरण तथा कागजात संलग्न राखी महानगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ताको लागि निवेदन दिनुहुन जानकारी गराईन्छ । साथै महानगरपालिकाको नियमानुसार दर्ता गरि संचालन गरेका व्यवसायीहरुले आ.ब. २०८२।०८३ सम्मको व्यवसाय करलाई समयमानै भुक्तान गरि छुटसुबिधा लिनुहुन सम्बन्धित सबै ब्यवसायीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचनाको म्याद भित्र व्यवसाय दर्ताको निवेदन पेश नगरी सञ्चालन हुने व्यबसाय र आ.ब. २०८१।०८२ सम्मको व्यवसाय नबिकरण नगरी संचालन हुने ब्यवसायलाई भरतपुर महानगरपालिका व्यवसाय कर सम्बन्धि कार्यविधि, २०८० को दफा १६ बमोजिम निजबाट लिनुपर्ने व्यबसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यबसाय बन्दको कारवाही समेत चलाउन सकिने ब्यहोरा सम्बन्धित सबै व्यवसायीहरुलाई जानकारी गराईन्छ ।

**नयाँ व्यवसाय दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु:**

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१ (अन्य देशको भएमा प्रमाण खुल्ने कागजात)
(ख) घर जग्गा बहाल सम्झौता पत्र, आफ्नै घर भएमा नक्सा पास (अनिर्वाय) को प्रतिलिपी-१
(ग) बहालमा बस्ने व्यवसायीले घर/जग्गा बहाल सम्झौता-पत्र, आफ्नै घर भएमा नक्सापासको प्रतिलिपि-१
(घ) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाण-पत्रको प्रतिलिपि-१
(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का (यदि महानगरमा दर्ता गर्ने भएमा)
(च) व्यबसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)
(छ) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।
(ज) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त लिएको भए प्रमाण-पत्रको प्रतिलिपि-१

२०८२।४।४
शेषकान्त पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत